# कन्डम वितरण

ऐलेघेनी काउन्टी हेल्थ डिपार्टमेन्ट (स्वास्थ्य विभाग) ले व्यक्ति तथा सङ्गठनहरूले माग गरेको खण्डमा उनीहरूलाई नि:शुल्क रूपमा सुरक्षित यौनसम्पर्क सामग्रीहरू (विभिन्न प्रकारका पुरुष कन्डम, महिला कन्डम, डेन्टल ड्याम र लुब्रिकेन्ट) उपलब्ध गराउन सक्छ। कन्डम वितरण कार्यक्रमले ऐलेघेनी काउन्टीभरि समुदाय तथा एजेन्सीहरूलाई कन्डम र लिखित जानकारीहरू उपलब्ध गराउँछ। यदि तपाईं यो कार्यक्रमको बारेमा थप कुराहरू जान्न वा हाम्रो कन्डम वितरण कार्यक्रम (Condom Distribution Program) मार्फत नि:शुल्क रूपमा सुरक्षित यौन सम्पर्कका सामग्रीहरू प्राप्त गर्न चाहनुहुन्छ भने कृपया CDP@AlleghenyCounty.us मा सम्पर्क गर्नुहोस्।



# ऐलेघेनी काउन्टी हेल्थ डिपार्टमेन्ट पब्लिक हेल्थ क्लिनिक

**1908 Wylie Avenue (Hill District)**
**Pittsburgh, PA 15219**

**412-578-8081**

***www.achd.net***

## क्लिनिक खुल्ने समय

सोमबार, मङ्गलबार, बिहिबार, शुक्रबार

बिहान 8:30 बजे - दिउँसो 3:30 बजे

बुधबार

दिउँसो 12:30 बजे - साँझ 7:30 बजे

दर्ता 30 मिनेट अगाडि खुल्छ

001-STD-0319

ऐलेघेनी काउन्टी हेल्थ डिपार्टमेन्ट

# पब्लिक हेल्थ क्लिनिक

## नि:शुल्क तथा गोपनीय

## एचआईभी (HIV)/परीक्षण तथा उपचार

# Know your status.

## Get tested.

## नि:शुल्क तथा गोपनीय एचआईभी (HIV)/यौनरोग (STD) परीक्षण

ऐलेघेनी काउन्टी हेल्थ डिपार्टमेन्टले नि:शुल्क तथा गोपनीय एचआईभी/यौनरोग परीक्षण उपलब्ध गराउँछ। हामी सोझै आउन सकिने नि:शुल्क तथा गोपनीय कायम राख्ने क्लिनिक हौं। अपोइन्टमेन्ट वा बीमाको आवश्यकता पर्दैन। आप्रवासी स्थिति जे-जस्तो भए तापनि 13 वर्ष वा सोभन्दा माथिका जोही पनि हाम्रो क्लिनिकमा आउन सक्छन्। आमाबुबाको मञ्जुरीको आवश्यकता पर्दैन।

हाम्रो क्लिनिकमा एचआईभी (HIV), क्लमेडिया (chlamydia), गोनोरिया (धातु रोग) र सिफलिस (भिरिङ्गी) यदि तपाईंलाई क्लमेडिया (chlamydia), गोनोरिया वा भिरिङ्गी छ भनेर निदान भयो भने तपाईंले यहींबाट उपचार पाउनुहुनेछ। यदि तपाईंलाई लक्षणहरू देखिएका छन् भने थप जाँच उपलब्ध गराउन पनि सकिनेछ। एचआईभी भएको भनेर निदान गरिएका बिरामीहरूले चिकित्सकीय स्याहारको लागि रिफरल प्राप्त गर्नेछन्। हामीले प्रि-एक्स्पोजर प्रोफलैक्सिस (PrEP) रिफरलहरू पनि उपलब्ध गराउँछौं।

बिरामीहरूलाई यहाँ देखाउन आउँदा फोटो भएको परिचयपत्र (जस्तै: चालक अनुमतिपत्र, पासपोर्ट, कलेजको ID) ल्याउन भन्छौं। तपाईंसँग फोटो भएको परिचयपत्र छैन भने पनि तपाईंलाई यहाँ परीक्षण गरिनेछ तर नतिजा पाउनको लागि फोटो भएको परिचयपत्र चाहिन्छ।

## पब्लिक हेल्थ क्लिनिकले देहायका परीक्षणहरू उपलब्ध गराउँछ:

STD क्लिनिकले निम्न STDs (यौनरोग) तथा ब्याक्टेरियाजन्य सङ्क्रमणहरूका लागि परीक्षण उपलब्ध गराउँछ:

- एचआईभी (HIV) परीक्षण (रगत परिक्षण)
- भिरिङ्गी (Syphilis) (रगत परिक्षण)
- क्लमेडिया (chlamydia)
- धातु रोग (Gonorrhea)
- ट्रीकोमोनियासीस (Trichomoniasis) (योनीमा गरिने परीक्षणहरू मात्र)
- यिस्ट (Yeast) (योनीमा गरिने परीक्षणहरू मात्र)
- ब्याक्टेरियल भ्याजीनोसिस (Bacterial Vaginosis)
- नन-गोनोकोकल युरेथ्राइटिस (NGU) (लिङ्गबाट लिएको स्वाबको परीक्षण मात्र)
- हेपाटाइटिस A, B, C (इम्युनिटी जाँच गर्न टाइटर हेर्ने) (शुल्क: $25 ऐलेघेनी काउन्टीका बासिन्दाहरूलाई र $30 ऐलेघेनी काउन्टी बाहिरका बासिन्दाहरूलाई)
- लुतो (उपचार मात्र)
- यौनाङ्गका जुम्रा (उपचार मात्र)
- हर्पिस (Herpes) (हामीले रगत परीक्षण उपलब्ध गराउँदैनौं तर घाउँ छ भने कल्चर परीक्षण गर्नेछौं)



## पब्लिक हेल्थ क्लिनिकले देहायका परीक्षणहरू उपलब्ध गराउँदैन:

- मुत्र नलीको सङ्क्रमण (UTI)
- ह्युमन प्यापीलोमा भाइरस (Human Papilloma Virus/HPV)
- गर्भ परीक्षण
- शारीरिक परीक्षण
- द्रुत एचआईभी (Rapid HIV) परीक्षणहरू

## पार्टनर सेवाहरू

ऐलेघेनी काउन्टी हेल्थ डिपार्टमेन्टका कर्मचारीले यौनरोग (STD) परिक्षणमा पोजिटिभ नतिजा आएका बिरामीहरूका यौन पार्टनरहरूलाई नि:शुल्क गोपनीय HIV/STD परीक्षण तथा उपचारको लागि आउन खबर गर्न सक्छन्। रिपोर्ट गनुपर्ने खालका यौनरोग (STD) भएको भनि निदान गरिएका जोकोहीका लागि यो ऐच्छिक सेवा हो। कर्मचारीहरूले पार्टनरलाई खबर गर्दा बिरामीको परिचय वा परिचय खुल्न सक्ने कुनै पनि जानकारीहरूको खुलासा गर्दैनन्। पार्टनरलाई जानकारी गराउँदा त्यसले ऐलेघेनी काउन्टीमा HIV/STD फैलनमा कमी ल्याउँछ।

## थप स्रोतहरू

ऐलेघेनी काउन्टी हेल्थ डिपार्टमेन्ट STD स्रोतहरू:

*www.achd.net/std*

सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन STD स्रोतहरू:

*www.cdc.gov/std*

आफ्नो पार्टनरसँग यौन तथा यौनरोगहरू (STDs) बारे कुरा गर्न सिक्नुहोस्:

*www.gytnow.org/talking-to-your-partner*

PrEP बारे जानकारी:

*www.preppgh.org*